दर्ता नं. ३४/०६५/०६६

जिम्मेवार पत्रकारिता

# तराई संचार

www.teraisancharnews.com राष्ट्रिय दैनिक

वर्ष: १२ | अङ्क–२३५ | २०८२ बैशाख १७ बुधवार | Apr 30, 2025 Wednesday | पृष्ठ सङ्ख्या ४ | मूल्य ५/-

मोवाईलबाट तराई सञ्चार राष्ट्रिय दैनिक पत्रिका पढ्नका लागि तल दिईएको क्युआर कोर्ड स्क्यान गर्नुहोस्

## बारामा भूमिहीन तथा सुकुम्बासीलाई जग्गा वितरणको विषयमा छलफल

## तोकिएको समयमा प्रक्रिया सुरु नगरेपछि सरकारले खोस्न सक्छ - अध्यक्ष रिजाल




**◆तराई संचार**
**कलैया, बैशाख १६**

भूमि समस्या समाधान आयोगका केन्द्रीय अध्यक्ष हरि रिजालले बाराका भूमिहीन, सुकुम्बासी र यससँग सम्बन्धित सरोकारवाला हरूसँग छलफल गरेका छन। आयोगका केन्द्रीय सदस्यहरू अनिल प्रसाई र आरती भण्डारी सहित बारा आएका अध्यक्ष रिजालले जिल्ला प्रशासन कार्यालय, कलैयामा आयोजित बैठकमा भूमिहीनतथा सुकुम्बासीलाई जग्गा वितरणको विषयमा छलफल गरेका हुन।

बैठकमा अध्यक्ष रिजालले जग्गाप्राप्तिका लागि निर्धारित समयमै कानूनी प्रक्रिया अघि बढाउने बताएका छन। उनले भने, जग्गा प्राप्तगर्न कानूनी प्रक्रिया मिलाउने यो अन्तिम समय भएको उनले बताए । तोकिएको समयमा प्रक्रिया सुरु नगरेमा पछि कुनै पनि हालतमा जग्गा प्राप्त गर्न नसकिने उहाँको भनाई छ ।

अध्यक्ष रिजालले सबै प्रक्रिया पूरा गरी फारम भरेका भूमिहीनतथा सुकुम्बासीहरूले करिब डेढ बिघासम्म जग्गा प्राप्त गर्न सक्ने उनले बताए। बैठकमा सहभागी नेपाली कांग्रेस क्षेत्र नम्बर ४(ख) का क्षेत्रीय सभापति लोकेश सिंहका अनुसार निर्धारित समयमा कानूनी प्रक्रिया नपुऱ्याएका र जग्गा जोतभोग गरिरहेकाहरूको जग्गा पनि सरकारले पछि खोस्न सक्नेछ । बैठकमा पूर्वमन्त्री एवं भूमि समस्या समाधान आयोगका बारा सदस्य कलावतीप ासवान, युवा नेता दिपेन्द्र पटेल लगायतको उपस्थिति थियो ।

## २९६५ प्रतिबन्धित लागुऔषध ट्याबलेट सहित २ जना पक्राउ




**◆तराई संचार**
**कलैया, बैशाख १६**

ईलाका प्रहरी कार्यालय अमलेखगंज, बाराबाट खटिएको प्रहरी टोलीले प्रतिबन्धित लागु औषध

बाँकी पृष्ठ ३ मा

## प्रथम पथलैया भेट्रान्स फूटबल प्रतियोगिता बैशाख २० देखि

**◆तराई संचार**
**सिमरा, बैशाख १६**

बाराको पथलैयामा पथलैया भेट्रान क्लबको आयोजनामा भेट्रान्स फूटबल प्रतियोगिता हुने भएको छ । क्लबले बैशाख २० गतेदेखि जेठ २ गतेसम्म 'प्रथम पथलैया भेट्रान्स फूटबल प्रतियोगिता' आयोजना गर्न लागेको हो ।

पथलैयास्थित श्रीकृष्णा मन्दिरको खेल मैदानमा हुने प्रतियोगितामा १५ वटा टिमको सहभागिता रहनेछ। आयोजक क्लबका अध्यक्ष तोयानाथ खनालका अनुसार प्रतियोगितामा निजगढ भेट्रान्स, बगौ भेट्रान्स, वीरगन्ज युथ भेट्रान्स, सिमरा भेट्रान्स, एनजेजेभीसी भेट्रान्स, डुमरवाना भेट्रान्स, बकुलिया भेट्रान्स, विकासशील भेट्रान्स, सूर्य निवास भेट्रान्स, युनिक भेट्रान्स, जिराभवानी भेट्रान्स, कमलडाँडा भेट्रान्स, सिटी भेट्रान्स, आरम्भ भेट्रान्स र आयोजकको सहभागिता रहनेछ ।

बाँकी पृष्ठ ३ मा

## कलैयाको मुख्य मार्ग मानवत मटिअर्वा सडक हिलो र जलमग्न, स्थानीय मारमा

**◆तराई संचार**
**कलैया, बैशाख १६**



बाराको सदरमुकाम कलैयाको मुख्यमार्ग मानवत मटिअर्वा सडकको तीन किलोमिटर काम तत्काल नहुदा सामान्य वर्षामा पनि हिलो र जलमग्न हुने समस्याले स्थानीयमारमा परेका छन् । परेको अविरल वर्षाले उक्त सडकखण्ड झनै भयावह बनेको छ । हिलो र पानीले भरिएको सडक पार गर्न पैदलयात्रीलाई समस्या हुदै आएको छ ।

साना साना बालबालिकाबाट लिएर बृद्धबृद्धा सबैलाई आवत जावत गर्न समस्या भएको छ । विगतमा पटक–पटक स्थानीय बासिन्दाले सडक सुधारको माग गर्दै आएपनि अझै कामले गतिलिन सकेको छैन। सडकको दयनीय अवस्थाका कारण हरेक दिन सवारी साधन दुर्घटना हुने क्रमबढेको छ। बाइक, स्कुटर र साना गाडीहरू हिलामा फसेर बिग्रिने वा पलिटने घटनाहरु दैनिकजसो हुने गरेको स्थानीयहरुको गुनासो रहेको छ ।

सडक निर्माणका लागि बजेट विनियोजनको कुरा भएपनि, कामअघिबढ्न सकेको छैन । वर्षाका समयमा सडक पूरै जलमग्नभई सवारी आवागमन बन्द हुनथालेपछि स्थानीय बासिन्दाले चाँडै सडक निर्माण कार्य थाल्न सरकारसँग माग गरेका छन ।

## वीरगन्जमा खानेपानी समस्याको दीर्घकालीन समाधानका लागि आग्रह

**वीरगन्ज, बैशाख १६ ।**



वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले संघीय सरकारका खानेपानी मन्त्री प्रदीप यादवलाई भेटेर वीरगन्जमा विद्यमान खानेपानीको समस्या दीर्घकालिन समाधानका लागि ध्यानाकर्षण गराएका छन् ।

मंगलबार मन्त्रालयमै मन्त्री यादवलाई भेटेर मेयर सिंहले यस वर्ष पनि गर्मी सुरु भएसँगै चापकलहरु सुक्न थालेको र त्यसले खानेपानीको समस्या सुरु भएकोले यसको दीर्घकालीन समाधानका लागि मन्त्री यादवसँग आग्रह गरे । मेयर सिंहले अहिले वीरगन्जमा सञ्चालनमा रहेका

बाँकी पृष्ठ ३ मा

कोल्हवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्हवी, बारा
मधेश प्रदेश, नेपाल

**राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान गरिएको सूचना ।**

(प्रथम पटक प्रकाशित मिति : २०८२/०१/१७)

प्रस्तुत विषयमा मिहला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि अख्तियारी प्राप्त भएको हुँदा विपन्न र एकल महिलालाई कृषि तथा पशुपालन, पर्यटन तथा गैरकृषि क्षेत्रमा केन्द्रित भई सिप विकास तालिम प्रदान गरी व्यवसाय स्थापना तथा सञ्चालन गर्न तालिम सञ्चालन वापत रु १,००,०००। (अक्षरुपी एक लाख) तथा व्यवसाय सञ्चालन खर्च अनुदान २५ जना महिला रु २६,०००। का दरले रु ६,५०,०००। (अक्षरुपी छ लाख पचास हजार) गरी जम्मा रु ७,५०,०००। (अक्षरुपी सात लाख पचास हजार) सहयोग उपलब्ध गराई स्थानीय तहले यस कार्यक्रम सञ्चालन गर्न संस्था छनोटको लागि सूचना प्रकाशन तथा प्रस्ताव आव्हान गर्नुपर्ने व्यवस्था बमोजिम उक्त आयमुलक कार्यक्रम संचालन र अनुदानका लागि आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले १५ दिनभित्र कोल्हवी नगरपालिका कार्यालयको महिला तथा बालबालिका शाखामा यसै पत्र साथ संलग्न मापदण्डको अनुसूची–२ बमोजिम ढांचामा प्रस्ताव पेश गर्नुहुन सूचना प्रकाशन गरिएको छ। साथै कार्यक्रम सञ्चालन गर्ने संस्था छनौट (अनुसूची–३ बमोजिम हुने) तथा संस्थाले गर्नुपर्ने कार्य, प्रस्ताव पेश गर्ने ढांचा, अनुदान, तालिम सम्बन्धि व्यवस्था राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धि मापदण्ड २०७७ बमोजिम हुने हुनाले अध्ययनको लागि कार्यालयको website www.kolhabimun.gov.np मा उपलब्ध छ।

पितनाथ लुईटेल
प्रमुख प्रशासकीय अधिकृत

*तिम्रो अनुमति बिना कसैले तिमीलाई होच्याउन सक्दैन् ।*

**-एलेनर रूजभेल्ट**


तराईसञ्चार
राष्ट्रिय दैनिक

**प्रकाशक/सम्पादक**
**गुरुप्रसाद गौतम**
९८४५०२०३५३
९८५५०२५३५३

**कार्यकारी सम्पादक**
**सिकेन्द्र पासवान**
९८४५१२८६८४

**सम्पर्क**
**तराई सञ्चार राष्ट्रिय दैनिक**
*teraisancharbara@gmail.com,*
*gautamguru9@gmail.com*
*www.teraisancharnews.com*
*facebook:-teraisancharnews*
*Twitter x :-@terai_sanchar*
*Instagram :-teraisanchar*
मुद्रकः तराई अफसेट प्रेस,सिमरा
फोनः ९८५५०२५३५३


# गणतन्त्रमा सुशासनको सवाल !

डा. माधव अधिकारी ——

लोकतन्त्रको मूल आधार स्थानीय सुशासन हो । स्थानीय सुशासनको भरमा केन्द्रीय शासनको कार्यबोझ कम हुन्छ । राष्ट्रिय विकासको आधारभूमि नै स्थानीय सुशासन हो । नेपालमा शासनको परम्परा प्राचीन कालदेखि नै सुरु हुन्छ । विभिन्न कालखण्डमा गरिएका प्रयोगहरू बेग्लै बेग्लै शैलीका भए पनि महत्वपूर्ण मानिन्छन् । किराँतकालीन प्राचीन नेपालको शासन पद्धतिमा राज्यलाई अनेक थुममा विभाजन गरिएको थियो। प्रत्येक थुममा जनताले चुनेका पाँचजना पञ्च रहन्थे। थुमभन्दा मुनि गाउँ रहन्थे । प्रत्येक गाउँमा त्यहाँका बासिन्दाले विचारी, मुखिया चुन्दथे।

यस कालको थुम अनेक जिल्लामा विभाजन गरिएको थियो भने विभिन्न थुम अन्तर्गत ग्रामहरू रहने व्यवस्था थियो। किराँतहरूले व्यवस्थित शासन व्यवस्था मात्र होइन, स्थानीय स्वशासनका परम्पराको समेत विकास गरेका थिए । सुशासनबिना स्थानीय प्रजातन्त्रको विकास र जगेर्ना हुन सक्तैन । जबकि स्थानीय प्रजातन्त्रको विकासले स्थानीय सुशासनलाई बल पुऱ्याउँछ । प्रजातन्त्र नै जनताको प्रशासन मात्र नभएर सुशासन पनि हो।

राजा मानदेवको पालादेखि (४६४–५०० ई.) लिच्छविकालको स्पष्ट जानकारी पाइन्छ । लिच्छवी शासनकालको प्रशासन व्यवस्था सोझै केन्द्रबाट शासन गरिने देश र केन्द्रको अधिनमा रही सामन्तद्धारा शासन गरिने देश गरी दुई खण्डमा विभाजित थियो । जिल्लालाई विषय भनिन्थ्यो र स्थानीय प्रशासनलाई चलाउने विषयपति हुन्थे। यसरी केन्द्र सामन्त र विषय एकातिर थिए भने ग्राम, तल र द्रङ स्थानीय तहमा थिए । जसमध्ये ग्रामपञ्चालीको व्यवस्था स्थानीय तहमा थियो ।

ग्राम पञ्चालीको सदस्य स्थानीय पाँच बुढापाकाले स्थानीय विवाद समाधान गर्ने, कर उठाउने, चोरी, डकैती, हत्या, व्यभिचार, विवाह र विच्छेद जस्ता पञ्चपराध हेर्दथे । लिच्छविहरू पछि मध्यकालमा प्रायः मल्ल राजाहरूले शासन गरे। जतिबेला केन्द्र र स्थानीय शासन थियो, लिच्छविहरूको शैली अपनाई विषय ( जिल्ला)लाई थुम, बस्ती, ग्राम तथा टोल, उमरा आदिले स्थानीय प्रशासन चलाउँदथे। मध्यकाल उल्लेखनीय नभए पनि पञ्चायत, पञ्चाली र पछि पञ्चसमूच्यय, पञ्च जस्ता संस्थाले स्थानीय तहमा लोकप्रियता लिएको पाइन्छ।

पृथ्वीनारायण शाहबाट विभिन्न बाइसे–चौबिसे स–साना राज्यहरूलाई मिलाई एउटा विशाल मुलुकको रूप दिने काम भएको थियो । यसलाई राजनीतिक एकीकरण मात्र मान्न उपयुक्त हुन्छ । उनले आफ्ना भारदारहरूलाई दिएको दिव्योपदेशमा नेपाल चार वर्ण छत्तिस जातको फूलबारी भनेका थिए । यस दिव्य उपदेशबाट नै थाहा लाग्छ कि उनको कसैप्रति भेदभाव थिएन । सबैलाई समान अवसर दिनु र समान व्यवहार गर्नु उनको प्रमुख नीति थियो । तर १९१० सालमा राणा प्रधानमन्त्री जंगबहादुरले मुलुकी ऐन लागू गराई नेपाली जनतालाई ठूला र साना, छुत र अछुत, तागाधारी र मतवालीमा विभाजत गरे। तत्पश्चात धर्म, लिंग, जात, जाति आदिका आधारमा नेपाली जनता आपसमा विभक्त भई नेपाली समाजमा असमानता र वैमनस्य कायम भयो । यस कालमा शक्ति विकेन्द्रीकरणको ठीक उल्टो राजालाई समेत निष्कृय र अधिकारविहीन बनाई शक्ति केन्द्रीकरण गरिएको थियो । जहाँ सुशासनको कल्पनासमेत गर्न सकिँदैनथ्यो ।

नेपालमा स्थानीय सरकारको स्थापना जे जस्तो भए पनि राणाकालदेखि नै प्रयास भएको पाइन्छ । सन् १९२६ को विधान अनुसार मान्यजन कचहरीको स्थापना र २००४ सालको वैधानिक कानुनले स्थापित गर्ने प्रयास पञ्चायती इकाईहरू यसका उदाहरण हुन्। २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि पनि शासनलाई बलियो बनाउने काम लामो समय हुन सकेन । २०१९ सालमा नेपालको संविधान घोषणा गरेपश्चात् पञ्चायती व्यवस्था स्थापना गरियो । तर जनहितमा कार्य हुन सकेन ।

२०४६ सालको जनआन्दोलनले बहुदलीय व्यवस्थाको पुनर्स्थापना गरेपछि तीनपटक आम निर्वाचन भयो तर पटक पटक सरकार परिवर्तन भए । सोचेअनुसार देशमा सुशासन कायम हुन सकेन । जनता अधिकार सम्मन्न हुन नपाएको भनी २०६२/६३ सालमा जनआन्दोलन भयो । उक्त लोकतान्त्रिक जनआन्दोलन पश्चात् नेपालमा २०६४ चैत्र २८ गते संविधानसभा निर्वाचन भयो । सो संविधानसभा दुई वर्षभित्र नेपालको संविधान बनाउने भनिए तापनि पटक पटक म्याद थप भयो । तर पनि संविधान बनाउन नसकी २०६९ जेठ १४ गते भंग भयो ।

दोस्रो संविधान सभाको सदस्यहरूको निर्वाचन २०७० मंसिर ४ गते सम्पन्न भयो । र, अन्ततः २०७२ असोज ३ गते यसै संविधान सभाबाट नेपालको संविधान २०७२ जारी भयो। नेपालको संविधान नेपाली जनताको सात दशकको अथक प्रयासबाट प्राप्त भएको हो। युगीन यो पलको अपेक्षासहित

नेपाली जनताले गरेको जनआन्दोलनको अभिलाषा र गरिमामयको सार्थकता नै शासन व्यक्तिको होइन, विधिको हुनुपर्छ भन्ने लोकतान्त्रिक मान्यता हो ।

ार्वभौमसत्ता सम्पन्न नेपाली जनताले सामन्त, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेको सबै प्रकारका विभेद र उत्पीडन अन्त्य गर्नेगरी संविधान जारी भएको पाइन्छ । बहुभाषिक, बहुधार्मिक, बहुजातीय, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी ऐक्यवद्ध, सामाजिक, सहिष्णु र सद्भावनालाई संरक्षण एवं प्रवर्द्धन गर्ने पनि भनिएको छ। वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै २०७२ सालमा संविधान जारी भयो।

संविधानले संघीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा गरेको छ । प्रतिस्पर्धात्मक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा सुनिश्चित गरेको छ । साथै, लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्धता राखी समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प गरेको छ।

संविधान अनुसार संघ, प्रदेश र स्थानीय गरी राज्यको तीन तहलाई संवैधानिक व्यवस्था गरिएको पाइन्छ। देश निर्माणमा यी तीनै तहको

*बाँकी पृष्ठ ३ मा*

## सम्पादकीय........

## प्रदुषित वातावरणले मृत्यु निम्त्याउँछ

विश्वमा प्रत्येक धेरै मानिसहरुको मृत्यु वायु प्रदूषणका कारण हुने गरेको विश्व स्वास्थ्य संगठले बताउँछ। नेपालमा प्रत्येक वर्ष ३५ हजार नेपालीले वायु प्रदूषणका कारण ज्यान गुमाइरहेका छन्। तथ्यांक अनुसार प्रति १० जना नेपालीमा १ जनामा वायुप्रदूषणको कारण स्वास्थ्य समस्या भोगिरहेका छन् । नेपालीको मानव अधिकारको प्रत्याभूति र सम्मान हुन सकिरहेको छैन । उद्योगहरुको कार्य क्षेत्रमा वातावरणका कारण स्वास्थ्य जोखिम कमी गराउनु पर्दछ। जीवनको उत्पत्ति, विकास, अस्तित्व, जीवन आदिका यही सन्तुलित वातावरणमा मात्रै सम्भव छ। मानवको चाहना यही वातावरणमा मात्रै पूरा हुन्छ । पारिस्थितिक प्रणालीको सन्तुलनले भएर मात्रै वातावरण सन्तुलन हुन्छ। वातावरण र जनस्वास्थ्य आफैमा परिपूरक हुन्। मानव पूर्ण रूपमा वातावरणमा निर्भर हुन्छ र वातावरण व्यवस्थापनको पूर्ण जिम्मेवार पनि मानव नै हुन्छ । यसर्थ वातावरण र मानवको अन्तरसम्बन्धको उत्तम उदाहरण नै सन्तुलित वातावरण हो। यसका लागि वातावरण, विपद् व्यवस्थापन, फोहोरमैला व्यवस्थापन लगायतसँग सम्बन्धित कानुनको प्रभावकारी कार्यान्वयनका अत्यावश्यक छ।

## हाम्रो अनुरोध

*तराई सञ्चार राष्ट्रिय दैनिक* पत्रिका तपाईलाई कस्तो लाग्यो ? पत्रिकामा आएका विषयवस्तु बारे तपाई आफ्नो धारणा राख्न सक्नुहुन्छ। साथै केहि परिवर्तन गर्नुपर्ने कुराहरु भए सुझाव दिन हुन हार्दिक अनुरोध गर्दछौं। तपाईका हरेक सुझावले हामीलाई मार्गनिर्देश गर्नेछ। तपाईका घर आगनमा कुनै घटना घटेका भए तथा लेख र चना भए हामीलाई सर्म्पक गर्न सक्नुहुन्छ।


**कार्यालय**: कलैया उपमहानगरपालिका–१ देवकोटा चोक, बारा
शाखा कार्यालय : निजगढ–७ शहीद चोक
जीतपुसिमरा–१ एयरपोर्ट रोड
**सम्पर्क नम्बरहरू** : ९८५५०२५३५३,९८४५१२८६८४
ईमेल-teraisancharbara@gmail.com



**डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं।**

सुख्खा मौसममा डढेलो लाग्न सक्छ, डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ, त्यसैले डढेलोबाट जोगिनः

- वन क्षेत्रमा आगो नबालौं,
- सुक्खा घास जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रूपमा व्यवस्थापन गरौं,
- चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- बन संरक्षणमा योगदान दिऔं।

**चन्द्रिका पुलामी मगर अध्यक्ष**
जनहित सामुदायिक वन समुह
निजगढ ६ र ७



**डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं।**

सुख्खा मौसममा डढेलो लाग्न सक्छ, डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ, त्यसैले डढेलोबाट जोगिनः

- वन क्षेत्रमा आगो नबालौं,
- सुक्खा घास जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रूपमा व्यवस्थापन गरौं,
- चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- बन संरक्षणमा योगदान दिऔं।



**कुश ब. थापा अध्यक्ष**
जन श्रृजनशिल सामुदायिक वन समुह
निजगढ ६ र ७

कम्प्युटर, मोवाईल र ईन्टरनेट प्रयोग गर्दाः बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रुपमा परिवर्तन गरौं।
बारागढी गाउँपालिका
खोपवा,बारा

अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं। अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिऔं।
सुवर्ण गाउँपालिका
कवही गोठ, बारा

ह्वाट्स एप, ईमो, भाइबर, मेसेन्जर लगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं ।
विश्रामपुर गाउँपालिका
विश्रामपुर,बारा

आफ्ना व्यक्तिगत विवरणहरु ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड कसैलाई शेयर नगरौं, सुरक्षित राखौं।
आदर्श कोतवाल गाउँपालिका
महेन्द्र आदर्श, बारा

तराई संचार www.teraisancharnews.com राष्ट्रिय दैनिक · www.teraisancharnews.com

## आर्थिक समाचार

# सेयर बजार २६३१ अंकमा झर्‍यो, घट्यो कारोबार

*काठमाण्डौं, बैशाख १६ ।*
मंगलबार सेयर बजारको परिसूचक नेप्से २६३१ अंकमा झरेको छ । अघिल्लो दिनको तुलनामा नेप्से १५.०८ अंक घटेको हो । परिसूचकसहित कारोबार रकम पनि घटेको छ । अघिल्लो दिन ८ अर्ब ९१ करोडको कारोबार भएकोमा आज ७ अर्ब ५७ करोडको भयो ।

५७ कम्पनीको मूल्य बढ्दा १८८ को घट्यो । सबै सेक्टरका सूचक घटेका छन् । फाइनान्स सबैभन्दा धेरै १.२२ प्रतिशत घट्यो । बैंकिङ ०.५७, विकास बैंक ०.९०, होटल तथा पर्यटन ०.६३, हाइड्रोपावर ०.२०, लगानी ०.८३, जीवन बीमा ०.५४, उत्पादन ०.३४, माइक्रोफाइनान्स ०.७८, निर्जीवन बीमा ०.३२, व्यापार ०.५१ र अन्य ०.७५ प्रतिशत घटे ।

दुई कम्पनी नेपाल माइक्रो इन्स्योरेन्स र क्रेस्ट माइक्रोलाइफ इन्स्योरेन्सको मूल्य १० प्रतिशत बढ्यो । भुगोल इनर्जीको ९, राधि विद्युतको ७ तथा कर्पोरेट डेभलपमेन्टको ६.६ प्रतिशत मूल्य बढ्यो ।

मध्यभोटेकोशी जलविद्युतको मूल्य ९.८ प्रतिशत घट्यो । ग्रिन डेभलपमेन्टको ७.७, सिन्धु विकास बैंकको ६.६ तथा ग्रिनलाइफ हाइड्रोपावरको ४.५ प्रतिशत मूल्य घट्यो । कारोबार रकमका आधारमा सानिमा माइ हाइड्रोपावर, डादी ग्रुप, राधि विद्युत, एनआरएन इन्फ्रास्ट्रक्चर र एचआईडीसीएल क्रमशः अगाडि रहे । बजारको पूँजीकरण ४३ खर्ब ७६ अर्बमा झरेको छ । (साभार–अनलाइनखबर)

# मूल्य र तौल हेरफेरदेखि बिलबिजक नराख्ने ४ उद्योग र फर्मलाई पौने ४ लाख जरिबाना

*काठमाण्डौं, बैशाख १६ ।*
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले मंगलबार ४ उद्योगलाई ३ लाख ७५ हजार रुपैयाँ जरिबाना तिराएको छ । विभागले मंगलबार नियमित अनुगमन अन्तर्गत ११ उद्योग तथा फर्म अनुगमन गरेको थियो । अनुगमनका क्रममा काठमाडौं महानगरपालिका–३२ को कजरिया रमेश टायल्स लिमिटेडलाई आ ना उत्पादनमा रिलेबलिङ गरेको, गुणस्तर, परिमाण, मूल्य र नापतौलमा हेरफेर गरेको पाइएपछि २ लाख ८५ हजार जरिबाना गरिएको हो ।

त्यस्तै ललितपुर महानगरपालिका–२० को श्री न्यु वीआर इन्टरप्राइजेजलाई खरिद बिलबिजक नराखेको पाइएपछि २० हजार, काठमाडौं महानगरपालिका–६ को सान्वी एन्ड रिंकु हार्डवेयरलाई मूल्यसूची र दर्ता प्रमाणपत्र नराखेको पाइएपछि ५० हजार र गोकर्णेश्वर नगरपालिका–५ को एनए सप्लायर्सलाई आ ना उत्पादनमा रिलेबलिङ गरेको, गुणस्तर, परिमाण, मूल्य र नापतौलमा हेरफेर गरेको पाइएपछि २० हजार गरी ४ उद्योगलाई ३ लाख ७५ हजार रुपैयाँ जरिबाना तिराइएको विभागले जनाएको छ ।

आज मंगलबार कारबाही गरिएका ४ उद्योगमध्ये २ लाई उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ३८ (ड) को कसुर र सोही ऐनको दफा ३९ को १ (ख) बमोजिम र २ उद्योगलाई उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ३८ (ट) को कसुर र सोही ऐनको दफा ३९ को १ (घ) बमोजिम र उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ३८ (घ) को कसुर र सोही एनको दफा ३९ को १ (क) अनुसार कारबाही गरिएको विभागले जनाएको छ । यस्तै विभागले अनुगमन गरेकामध्ये ३ उद्योगलाई सामान्य निर्देशन दिएको छ भने ४ उद्योगलाई व्यवसायसँग सम्बन्धित कागजात लिएर ३ दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिएको छ । (साभार–अनलाइनखबर)

## गणतन्त्रमा ...............

महत्वपूर्ण भूमिका हुन्छ । सोका लागि तीनै तहमा सुशासन कायम हुन अति आवश्यक छ । नेपालको सन्दर्भमा हाल प्रदेश सरकारको औचित्य माथि ठूलो प्रश्न उठ्ने गरेको छ । मानव सभ्यता विकासको क्रममा मानवजाति राज्य सञ्चालनको प्रक्रियामा समावेश हुन थालेपछि अधिकार र दायित्वको बाँडफाँट बहस सुरु भएको हो ।

केन्द्रीकृत र विकेन्द्रीत राज्य पद्दतिको विषय नवीन होइन तर प्रजातान्त्रिक शासन पद्धतिको मौलिक मान्यता विकेन्द्रीकरण हो । केन्द्रमा रहेको शक्ति, अधिकार, दायित्व, साधन र स्रोत जति तल्लो निकाय तह र वर्गमा नि:सृत हुँदै जान्छ, त्यति नै प्रजातन्त्रिक शासन व्यवस्थाले सार्थकता पाएको ठानिन्छ । सोहीअनुसार सिंहदरबारको अधिकार गाउँगाउँमा भन्ने गयो भन्ने भनाइ रहृयो । सो क्रममा दिगो विकासको प्रक्रियालाई सबल बनाउन समाजमा रहेका कमजोर वर्गसम्म विकासको प्रतिफल पुग्न सकोस् भन्ने अभिप्रायले स्थानीय सरकारलाई समाज विकासको प्रमुख निकायको रूपमा प्रस्तुत गरियो ।

लोकतन्त्रको सफल प्रयोग आमजनताले अनुभूत गर्नसक्ने, सहभागी बन्न सक्ने, निर्णय निर्माण र निरूपणमा भूमिका खेल्ने सुशासन हुनसक्छ भन्ने रहृयो । सबै क्षेत्रका जनतालाई बढी अधिकार सम्पन्न र उत्तरदायी बनाउनुमा नै लोकतन्त्रको सार्थकता रहन पर्ने हो । आफ्नो राज्यको भाग्य निर्माण जनता आफैंले गर्नुपर्ने हो । मूलुकको चौतर्फी विकास, जनताको सक्रिय सहभागिता जुटाइ स्थानीय सरकारले विकासका लागि सुशासन सशक्त बनाउन बनाउन पर्ने हो ।

लोकतन्त्रको मूल आधार स्थानीय सुशासन हो । स्थानीय सुशासनको भरमा केन्द्रीय शासनको कार्यबोझ कम हुन्छ । राष्ट्रिय विकासको आधारभूमि नै स्थानीय सुशासन हो । चैत्र १५ गते काठमाडौंमा भएको घटनाले गणतन्त्रमा सुशासनमाथि नै प्रश्न चिह्न उठाएको छ । विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानव अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, कानुनको शासन, सामाजिक न्याय र समानता राज्यको दायित्व हो ।

यसै गरी, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूको क्रियाकलापमा पारदर्शिता र जवाफदेहिता पनि दायित्व हो । त्यसो त जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्ण परिपालन गर्ने राजनीतिक प्रणाली अवलम्बन गरी भ्रष्टाचार र दण्डहीनता अन्त्य पनि हो । यसरी सुशासन कायम गर्ने कार्य राज्यको दायित्व हो ।

– अधिकारीले नेपालमा गुणस्तरीय जीवन विषयमा विद्यावारिधि गरेका हुन् । (साभार–अन्नपूर्णपोष्ट)

## २९६५ प्रतिबन्धित .......

ट्रामाडोल क्याप्सुल बरामद गरी सो कार्यमा संलग्न रहेकादुई जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा चालक भारत मोतिहारी अरेराज मलाही ११ मल्लाही बस्ने बर्ष २३ को नितिशकुमार ठाकुर र गाडीमा सवार बिरगंज १६ बस्ने बर्ष २६ को सिद्दान्त प्रसाद पटेल रहेको छ ।

जीतपुरसिमरा उप–महानगरपालिका वडा नं. २१ अमलेखगंज स्थित प्रहरी कार्यालय अगाडी चेक प्वाईन्टमा वीरगंजबाट हेटौडातर्फ जाँदै गरेको बि.आर ०५ बिए ४८१७ नम्बरको भारतीय कारलाई रोकी चेक जाँचगर्दा कार पछाडीको सिटमुनी फल्स बटम बनाई लुकाई छिपाई लगि रहेको अवस्थामा कार सहित नियन्त्रणमा लिईएको हो ।

## प्रथम पथलैया ...............

जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १ को कार्यालय मुख्य सहयोगी रहेको प्रतियोगिताको विजेताले ५० हजार र उपविजेताले २५ हजार नगद प्राप्त गर्नेछन् । प्रतियोगिताको उत्कृष्ट खेलाडीले पाँच हजार पाउनेछन् ।

# भारतको पहलगाममा भएको आक्रमण विरुद्ध जनकपुरमा प्रदर्शन




*काठमाडौं, बैशाख १६ ।*
भारत जम्मुकाश्मिरको पहलगाम भएको आक्रमणविरुद्ध मंगलबार जनकपुरमा प्रदर्शन गरिएको छ । सहिद संजय चौधरी स्मृति प्रतिष्ठान र नेपाल–भारत खुला सीमा संवाद समूहले जनकपुरमा संयुक्त रूपमा प्रदर्शन गरेका हुन् । वैशाख ९ गते पहलगाममा भएको आतंककारी आक्रमणमा परेर एक नेपालीसहित २८ जनाको ज्यान गएको थियो । हलगाममा भएको आक्रमण निन्दनीय छ, यसले विश्वका हिन्दुमाथि प्रहार गरेको भन्दै प्रतिष्ठानका संरक्षक संजय यादवले आतंकवादीहरुले नाम र जात सोधेर हत्या गरेका छन्, हिन्दुलाई छानीछानी मारेको कारण धार्मिक हिंसा भड्काउन चाहेको बताए ।

भारतको यस दुखको घडीमा नेपाल साथ उभिएको छ, नेपाली जनताले पनि भारतको साथमा रहेको बताउदै उनले यसमा एक जना नेपालीको पनि ज्यान गएको भारतले उसको परिवारलाई सम्मान दिएको र अगामी दिनमा पनि सम्मान दिनेमा आफूहरु विश्वस्त रहेको बताए । जम्मू–कश्मीरमा सन् २०१९ को पुलवामा आक्रमणपछि यो सबैभन्दा ठूलो आक्रमण हो । त्यसबेला सीआरपीएफका ४० जवान मारिएका थिए । पहलगाममा भएको आक्रमण पाकिस्तानले गराएको भारतको दावी छ । तर भारतले त्यसलाई स्वीकार गरेको छैन । सो आक्रमणलाई भारतले निकै गम्भीर रुपमा लिएको छ । पाकिस्तानसँग हरेक प्रकारको सम्बन्ध तोडेको छ भने पाकिस्तानले पनि भारतका धेरै कुरामा रोक लगाएको छ । (साभार–रातोपाटी)

## वीरगन्जमा ..............

ओभरहेड पानी ट्यांकीको पाइप लाइन नपुगेका टोलहरुमा पाइप लाइन विस्तार गराइ दिन मन्त्री यादवलाई अनुरोध गरे ।

मन्त्री यादवले नेपाल खानेपानी संस्थान सञ्चालक समितिको बोर्ड बैठकमा छलफल गरेर वीरगन्जमा खानेपानीको समस्या समाधानका लागि ठोस निर्णय लिने प्रतिबद्धता जनाएको मेयर सिंहले जानकारी गराए । भेटका क्रममा मन्त्री यादवले वीरगन्जमा खानेपानी र ढल व्यवस्थापनका लागि एसियाली विकास बैंकको करिब चार सय ५० करोडको योजना छिट्टै सुरु हुने जानकारी गराएको मेयर सिंहले बताए । (साभार–अन्नपूर्णपोष्ट)

## झुटा अध्यापन

विद्यालयको मावि तहमा नियुक्तिका लागि झुट्ठा अनुमतिपत्र पेस गरी भ्रष्टाचारजन्य कसुर गरेको भन्ने उजुरी निवेदनमा अनुसन्धान हुँदा निज टीका भन्ने टीकबहादुर मगरले निमावि तहको अध्यापन अनुमति पत्रलाई मावि तहको बनाइ पटक–पटक झुटा कागजात पेस गरी राष्ट्रसेवक कर्मचारीको रूपमा ओहदा, लाभ र सुविधासमेत प्राप्त गरेका छन् । आरोपित शिक्षकमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय माग दाबी गरेको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए । (साभार–रातोपाटी)


# जन ज्योति सा. वन उपभोक्ता समूहको सुचना

यस श्री जनज्योती सामुदायिक वन उपभोक्ता समुह निजगढ ७, बाराको मिति २०८१/११/२१ गते बसको बैठकको निर्णय अनुसार सुख्खा र गर्मीयामको सुरुवात संगै बन डढेलोको जोखिम बढ्ने हुदा विगतको बर्षहरुजस्तै यस वर्ष पनि सामुदायिक वन क्षेत्रभित्र २०८१ साल चैत्र १ गते देखी यस सा.व.उ.स.मा आवद्ध सम्पुर्ण उपभोक्ता सदस्यहरुलाई सुख्खा मौसम अवधिभर आफ्नो आफ्नो पालो पहरामा उपस्थित भई सामुदायिक वनको रेखदेख र गस्तीमा सहभागि भई सहयोग गरी दिनहुन हार्दिक अनुरोध साथ यो सुचना प्रकाशित गरिएको छ ।

अध्यक्ष
**खडग बहादुर मोक्तान**
श्री जनज्योति सा.व.उ.स.
निजगढ ७, बारा

# डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं ।

सुख्खा मौसममा डढेलो लाग्न सक्छ, डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ, त्यसैले डढेलोबाट जोगिन:

- वन क्षेत्रमा आगो नबालौं,
- सुक्खा घास जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रूपमा व्यवस्थापन गरौं,
- चुरोट, बीडी, आगोका फिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
- बन संरक्षणमा योगदान दिऔं ।

**रामप्रसाद पाण्डे अध्यक्ष**
आदर्श सदाबहार सामुदायिक वन समुह
निजगढ ९, बारा

नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं । अखाद्य वा अन्य वस्तु प्रयोग बन्द गरौ
पचरौता नगरपालिका
बेनौली ,बारा

उपभोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं । निश्चित ठाउमा जम्मा गर्ने गरौं ।
करैयामाई गाउँपालिका
करैया, बारा

बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो ।
देवताल गाउँपालिका
पिप्राढी गोठ, बारा

बालविवाह जस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ ।
परवानीपुर गाउँपालिका
लिपनीमाल, बारा

चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं । नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
परवानीपुर गाउँपालिका
लिपनीमाल, बारा

मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेह जस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं । धुम्रपान र मद्यपान नगरौं ।
फेटा गाउँपालिका
फेटा, बारा

# रासायनिक मल खरिदमा लाग्ने समय घटाइयो, एक महिनाभित्रै प्रक्रिया टुंग्याउनु पर्ने



***काठमाडौं, बैशाख १६ ।***

सरकारले रासायनिक मल खरिद गर्दा लाग्ने समय घटाएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को १४औं संशोधनमार्फत पहिलो पटक रासायनिक मल खरिद सम्बन्धी प्रावधान समेटिएको हो । संशोधित नियमावली वैशाख १५ गतेको राजपत्रमा प्रकाशित गरिएको छ ।

संशोधित नियमावलीले रासायनिक मल खरिदका लागि आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी सो मिति र समयमा उपस्थित हुन राष्ट्रिय स्तर वा अन्तर्राष्ट्रिय स्तरको बोलपत्रको हकमा कम्तीमा ७ दिनको अवधि दिई सूचना गर्नुपर्ने उल्लेख छ ।

त्यस्तै नियमावलीमा बोलपत्रदाताले पेस गरेको प्राविधिक प्रस्ताव खोलेको मितिदेखि ३० दिनसम्म बोलपत्र मान्य हुने अवधि उल्लेख गर्नुपर्ने प्रतिबन्धात्मक नियम पनि थप गरिएको छ ।

मल खरिद प्रक्रिया लामो भएकाले यसलाई सहज बनाउन खरिद नियमावलीको संशोधनमा यस्तो प्रावधान राखिएको कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले बताए । रासायनिक मल खरिद प्रक्रिया लामो समय लाग्ने तर अन्तर्राष्ट्रिय बजारमा छिटो–छिटो मूल्य परिवर्तन हुने अहिलेको अवस्थालाई घटाउने गरी नियमावली संशोधन भएको मन्त्रालयले जनाएको छ ।

खरिद प्रक्रिया लामो हुँदा समयमै मल आयात गर्न सकिएको थिएन । जसकारण किसानले समयमै रासायनिक मल पाउन सकेका थिएनन् । नियमावलीमा भएको संशोधनले अब एक महिनाभित्रै मल खरिदको प्रक्रिया टुंग्याउने बाटो खुलेको मन्त्री अधिकारीले बताए । (साभार–अन्नपूर्णपोष्ट)

# घुससहित पक्राउ परेका सइविरुद्ध भ्रष्टाचार मुद्दा दायर

***काठमाडौं, बैशाख १६ ।***

३० हजार घुस रकमसहित पक्राउ परेका एकजना प्रहरी नायब निरीक्षक (सइ)विरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ । रुपन्देहीको प्रहरी चौकी हाटी बनगाई दुर्गौलियामा कार्यरत सई खिमबहादुर खड्काविरुद्ध आज भ्रष्टाचार मुद्दा दायर भएको हो ।



रुपन्देहीको दुर्गौलिया नाकाहुँदै भारतबाट अवैधरुपमा घरायसी सामान भित्र्याउन सहजीकरण गरिदिने भन्दै सेवाग्राहीबाट ३० हजार घुस लिइसकेको अवस्थामा उनलाई अख्तियारको टोलीले नियन्त्रणमा लिएको थियो । अनुसन्धानका क्रममा घुस लिएको पुष्टि भएपछि खड्काविरुद्ध ३० हजार बिगोसहित सजायको माग गर्दै आज विशेष अदालत काठमाडौंमा आरोप–पत्र दायर गरेको अख्तियारले जनाएको छ । (साभार–अन्नपूर्णपोष्ट)


## श्री बकैया ठाकुर माध्यमिक विद्यालय

SHREE BAKAIYA THAKUR SECONDARY SCHOOL

निजगढ नगरपालिका–८ (बारा)

मिति : २०८२।०१।११

### शिक्षक आवश्यकता

यस श्री बकैया ठाकुर माध्यमिक विद्यालय निजगढ–८, बाराका लागि खुला प्रतियोगिताद्वारा निम्नमाध्यमिक तह शिक्षण सिकाइ अनुदानमा शिक्षक पदपुर्ति गर्न निजगढ नगरपालिकाको च.नं. २२६५ मिति २०८२।०१।१० को पत्र तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८२।०१।११ गतेको निर्णयानुसार उक्त पदमा तपसिलका योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट १५ दिनभित्र दरखास्त आव्हान गरिन्छ ।

तपसिल

| | | |
|---|---|---|
| १ | विज्ञापन नं. | ०१/२०८१/०८२ |
| क | पद | निम्नमाध्यमिक शिक्षक |
| ख | तह/श्रेणी/प्रकार | निम्न माध्यमिक/तृतीय/संघीय अनुदान |
| ग | विषय | विज्ञान |
| घ | पदसंख्या | १ |
| ङ | शैक्षिक योग्यता | मूल विषय विज्ञान लिइ प्रविणता प्रमाणपत्र तह उत्तीर्ण |
| च | तलब | प्रचलित नियमानुसार |
| छ | निवेदन दस्तुर | १,०००/ |
| ज | उमेर | १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको |
| | | |
| २ | परीक्षाको किसिम | लिखित, अन्तरवार्ता र कक्षा अवलोकन |
| ३ | दरखास्त दिने अन्तिम मिति | २०८२।०१।२५ गते सम्म |
| ४ | दरखास्त दिने स्थान र समय | विद्यालय प्रशासन, बिहान १०:०० देखि ४:०० बजे सम्म । |
| ५ | दरखास्त साथ बुझाउनुपर्ने कागजातहरु | शैक्षिक योग्यताको प्रतिलिपी, नागरिकताको प्रतिलिपी र स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपीहरु |
| ६ | सम्पर्क मिति | २०८२।०१।२६ गते |
| ७ | सम्पर्क | ०५३–५४०४५०/९७४४२२३७००/९८५५०२०२३१ |

(नोट : यस सम्बन्धी सम्पूर्ण अधिकार विद्यालय व्यवस्थापन समितिमा निहित रहनेछ ।)

प्रधानाध्यापक
हिमेशकुमार खत्री
श्री बकैयाठाकुर मा.वि.
निजगढ–८, बारा


# सरकार र शिक्षकबिचको वार्ता निष्कर्षविहीन

काठमाडौं, बैशाख १६ ।

सरकार र आन्दोलनरत शिक्षकहरुबिच भएको वार्ता निष्कर्षविहीन भएको छ । मंगलबार रातिसम्म सिंहदरबारस्थित शिक्षा मन्त्रालयमा भएको वार्ता निष्कर्षविहीन भएको हो । वार्ता सकिएपछि शिक्षामन्त्री रघुजी पन्तले छलफल सकारात्मक भएको प्रतिक्रिया दिएपनि थप बोलेनन् । उनले भने, 'हामी शिक्षकहरुसँग वार्तामा छौँ । त्यो वार्ता सकारात्मक ढंगले अघि बढिरहेको छ । सम्भव भएसम्म हामी त्यसलाई छिटो टुंग्याउन प्रयत्न गर्छौं ।'

लक्ष्मीकिशोर सुवेदी नेतृत्वमा शिक्षकहरूको टोली वार्तामा सहभागी थियो । शिक्षक सङ्गठनहरूले विभिन्न माग राखी चैत २० गतेदेखि आन्दोलन गरिरहेका छन् । यसअघि सोमबार भएको वार्ता पनि निष्कर्षविहीन बनेको थियो । (साभार–रातोपाटी)



©रातोपाटी

# झुटा अध्यापन अनुमतिपत्र पेस गर्ने शिक्षकमाथि भ्रष्टचार मुद्दा दायर

***सिरहा, बैशाख १६ ।***

यहाँको धनगढीमाई नगरपालिका–९ चैनपुरमा रहेको महावीर माध्यमिक विद्यालय चैनपुरमा झुट्टा अध्यापन अनुमतिपत्र पेस गरी सेवा गरेको अभियोगमा एक शिक्षकमाथि भ्रष्टाचार मुद्दा दायर गरिएको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले झुटा अध्यापन अनुमतिपत्र पेस गरी काम गरेको अभियोगमा शिक्षक टीकबहादुर मगरमाथि मंगलबार विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेको हो । आयोगका अनुसार उक्त

***बाँकी पृष्ठ ३ मा***





## समयमै व्यवसाय दर्ता तथा नविकरण गराउँ, थप जरिवानाबाट बचौं

यस जीतपुरसिमरा उपमहानगरपालिकाको नगर क्षेत्र भित्र सञ्चालनमा रहेका तर दर्ता/नविकरण नभएका थोक तथा खुद्रा पसल, सपिङ सेण्टर, शोरुम, सर्भिस सेण्टर, निर्माण कम्पनी, डिपो, उद्योग, कलकारखाना, बैंक तथा वितीय संस्था, होटल, रेष्टुरेन्ट स्विमीङ पुल, जिमखाना, फुटसल, पार्टी प्यालेस, नीजि शैक्षिक संस्थाहरु, सञ्चार माध्यम, तालिम तथा प्रशिक्षण केन्द्र, अस्पताल, क्लिनिक, ल्याब, औषधि पसल, मासु पसल, फर्निचर उद्योग, इलेक्ट्रिक पसल, हार्डवेयर, कपडा पसल, फोटो स्टुडियो, ब्युटी पार्लर, छापाखाना, कुटानी/पिसानी मिलहरु, हजाम सेवा, स्टेशनरी, पेन्टर सेवा लगायत अन्य सम्पूर्ण उत्पादनमुलक, ब्यापारमुलक र सेवामुलक पेशा तथा व्यवसायहरु २०८१ पौष मसान्त भित्र अनिवार्य रुपमा व्यवसाय दर्ता गरी जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ ले व्यवस्था गरेको जरिवाना र कारवाहीबाट बच्न सम्पूर्ण व्यवसायीहरुमा उपमहानगरपालिका हार्दिक अनुरोध गर्दछ ।

थप जानकारीका लागि : उद्योग, पर्यटन, श्रम तथा सहकारी शाखा, फोन नं. ०५३–४१२१७३

जीतपुरसिमरा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जीतपुर, बारा

घरबाट निस्कने फोहर निश्चत स्थानमा विसर्जन गरौ ।
घर नक्सापास गरेर मात्र बनाऔ ।
जोडोमा न्यानो कपडा लगाऔ ।
जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं । जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई–सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
कलैया उपमहानगपालिका
कलैया,बारा

सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर–आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
निजगढ नगरपालिका
निजगढ,बारा

वातावरण हामी सबैका साझा सम्पत्ती हो । जथाभावि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ । लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौं ।
कोल्हवी नगरपालिका
कोल्हबी ,बारा

सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं । घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थल लगायतबाट निस्किएको फोहर को उचित व्यवस्थापन गरौं ।
सिम्रौनगढ नगरपालिका
सिम्रौनगढ,बारा

कुहिने, नकुहिने र पुन:प्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं । कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
महागढीमाई नगरपालिका
बरियारपुर,बारा

"समयमा नै कर तिरौं, नगरको विकासमा सहभागि बनौं, हामीले तिरेको कर हाम्रै लागि हो '–कलैया उपमहानगरपालिका कार्यालय, कलैया, बारा


प्रकाशक/सम्वादक : गुरुप्रसाद गौतम (९८५५०२५३५३), कार्यकारी सम्पादक :- सिकेन्द्र पासवान (९८४५१२८६८४)
मुख्य कार्यालयः कलैया–१ देवकोटा चोक, शाखा कार्यालय निजगढ–६, शाखा जीतपुरसिमरा १ बारा Email-teraisancharbara@gmail.com, मुद्रणः तराई अफसेट प्रेस, सिमरा